# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१०।२८ गते।

# प्रेस विज्ञप्ति

**विषयः** <u>अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३औं स्थापना दिवसको मूल समारोह कार्यक्रम सम्पन्न।</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३औं स्थापना दिवसको मूल समारोह कार्यक्रम सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भयो। सम्माननीय राष्ट्रपतिले भ्रष्टाचार मुलुकको स्वस्थ आर्थिक–सामाजिक जीवनका लागि सबैभन्दा ठूलो बाधक भएको र यसले सेवा प्रवाहमा अनियमितता, राष्ट्रिय सम्पत्तिको दोहन, द्वन्द्वको सिर्जना, मानवअधिकारको हनन तथा अन्तर्राष्ट्रिय सम्मानमा कुठाराघात पार्ने हुँदा यसको नियन्त्रण बाञ्छनीय रहेको बताउनु भयो।

सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलले “आयोगले आफ्नो कार्यसम्पादन र भ्रष्टाचार उपर अनुसन्धान र छानबिन गर्ने क्रममा साना प्रकृतिका कसुरदारका मात्र होइनन् बरु ठूला प्रकृतिका कसुरदारको पहिचान गर्न र जतिसुकै ठूला व्यक्ति भएपनि उनीहरुलाई कानूनको दायरामा ल्याउन पछि पर्नुहुन्न भन्ने आम नागरिकको मत ध्यानमा राख्न” आयोगलाई सुझाव दिनु भयो। उहाँले महालेखा परीक्षकको प्रतिवेदनमा हरेक वर्ष बेरुजु बढ्दै गएको देखिनु दुःखद् भएको उल्लेख गर्दै हरेक वर्ष प्रतिवेदनमा किटानका साथ प्रकाशन गरिएका सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरुपयोग सम्बन्धी विचलनका विषयहरु समयमा नै नियन्त्रण गर्न राज्य संयन्त्र सतर्क हुनुपर्ने बताउनु भयो।

सम्माननीय राष्ट्रपतिले “प्रकृति मानिसका आवश्यकता पुरा गर्न सक्षम छ तर मानिसको लोभ र लालच पुरा गर्न सक्षम छैन” भन्ने पूर्वीय दर्शनको मान्यतालाई अनुसरण गर्नुपर्ने विचार राख्नुहुँदै मुलुकको हित र अन्तरार्ष्ट्रिय छविको लागि हामी सबैले आफ्नो जिवन शैली सरल, इमान्दार, पारदर्शी र सदाचारयुक्त बनाउन आवश्यक भएको कुरामा जोड दिनु भयो।

आफ्नो मनतव्यमा सम्माननीय राष्ट्रपतिले भ्रष्टाचार नियन्त्रणको हकमा संस्थागत सुदृढीकरणका लागि संवैधानिक आयोगले राज्यका अन्य अंगहरुलाई बेलावखत सुझाव दिइरहनुपर्ने र यसरी दिएको सुझाव र निर्देशन सबै सरोकारवालाहरुले पालना गर्ने नै छन् भन्ने आफूले विश्वास लिएको बताउनु भयो।

भ्रष्टाचार नियन्त्रणका लागि दृढ राजनीतिक प्रतिवद्धता पहिलो प्रस्थान विन्दु भएको बताउँदै सम्माननीय राष्ट्रपतिले प्रशासनिक निकाय र नेतृत्वले जिम्मेवारी एवम् जवाफदेहिता अभिवृद्धिका लागि विद्यमान ऐन कानुनको पालना गर्नुपर्नेमा जोड दिनुभयो। कानुनी राज्यको स्थापना र

सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएको हुँदा आयोगले भ्रष्टाचारका संभाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई भ्रष्टाचार नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै तिनै तहका सरकार,निजी क्षेत्र,नागरिक समाज,सञ्चार जगत लगायत प्रत्येक नागरिकलाई भ्रष्टाचार विरुद्धको अभियानमा सक्रियतापूर्वक सहभागी हुन आह्वान गर्नु भयो।

उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले आयोगको स्थापना दिवसका अवसरमा मुलुकमा भ्रष्टाचार विरुद्ध जागरण आउने विश्वास व्यक्त गर्दै आयोगलाई सुम्पिएको संवैधानिक दायित्व पूरा गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले माथिल्लो तहदेखि तल्लो तहसम्म गलत कार्य गर्ने, भ्रष्टाचार गर्ने जोकोही व्यक्ति, कर्मचारी वा पदाधिकारीलाई छानबिन र कारवाहीको दायरामा ल्याउन सरकार प्रतिबद्ध रहेको र यस्ता कार्यमा सरकारले आयोगलाई हस्तक्षेप नगर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।सुशासन प्रवर्द्धनमा आयोगले पु-याएको योगदानको प्रशंसा गर्दै सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचार विरुद्धको लडाइँमा आयोग थप अडिग र कटिबद्ध भएर अगाडि बढ्नका लागि शुभेच्छा प्रकट गर्नु भयो।

सो अवसरमा सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचारलाई निर्मम तवरले अन्त्य नगरे देशको समग्र विकासको परिकल्पना गर्न सकिंदैन्। भ्रष्टाचारले देशको प्रगतिमा बाधा पुग्ने मात्र नभई राष्ट्रिय मूल्य समेत स्खलित गर्ने भएकाले यसलाई नियन्त्रण गर्न आवश्यक भएको बताउँदै पारिवारिक र सामाजिक संरचनामा सदाचारी संस्कार प्रर्वद्धन गर्न र सार्वजनिक निकायमा पारदर्शीता र जनउत्तरदायी संस्कारको विकास गर्न विद्यालय तह देखिनै देशभक्ति र नैतिक मूल्यमान्यताको शिक्षा विकास गर्न आवश्यक भएको कुरामा जोड दिनुभयो।

सम्माननीय प्रधानमन्त्रीले संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्य हुने उल्लेख गर्दै सरकारले त्यस्ता गतिविधिप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै आएको बताउनु भयो। भ्रष्टाचार नियन्त्रण गर्नका लागि आयोग र आयोगजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूलाई कानुनी, प्रशासनिक र आर्थिक रूपले सबल बनाउन सरकारले आफ्ना नीति, कार्यक्रम तथा बजेटलाई केन्द्रित गरेको जानकारी दिनु भयो।।

उहाँले सुशासनको मुख्य बाधकको रूपमा रहेको भ्रष्टाचार विरूद्धको लडाइँमा संवैधानिक आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म निभाउँदै आएको महत्त्वपूर्ण भूमिकाको स्मरण गर्दै आयोगप्रति नागरिकले राखेका आशा र भरोसालाई आगामी दिनमा पनि कायम राख्न जोड दिनु भयो।राष्ट्रले लिएको विकास र समृद्धिको दीर्घकालीन लक्ष्य हासिल गर्नका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गर्दै कानुनको शासन, मानव अधिकारको संरक्षण तथा समतामूलक र समावेशी शासनको प्रत्याभूतिका गर्नका लागि आयोगले इतिहासदेखि नै खेल्दै आएको भूमिकालाई थप

प्रभावकारी बनाउनुपर्ने बताउनु भयो। उहाँले आगामी दिनमा भ्रष्टाचारमुक्त समाज स्थापना गर्ने सबालमा आयोग दृढताका साथ उभिनेमा आफू विश्वस्त रहेको बताउनु भयो।

विश्वव्यापी रूपमा भएको प्रविधिको द्रुततर विकाससँगै भ्रष्टाचारजन्य क्रियाकलाप र प्रवृत्तिको स्वरूप, तौरतरिका प्रवृत्ति, सघनता र आयाममा समेत व्यापक परिवर्तन आएको स्मरण गराउँदै भ्रष्टाचार र अनियमितताका विरूद्ध अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याउन नवीनतम प्रविधिको प्रयोग गर्नुपर्ने पनि प्रधानमन्त्रीले बताउनु भयो।

सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको नेपाल पक्ष राष्ट्र रहेकोले भ्रष्टाचार विरुद्धको विश्वव्यापी प्रयासमा ऐक्यबद्धता प्रकट गर्दै राष्ट्रिय प्रतिवद्धता पूरा गर्न सरकार दृढसंकल्पित रहेको बताउनु भयो। महासन्धिमा उल्लेखित विषयको पूर्ण कार्यान्वयनको लागि हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा समसामयिक सुधार गरी यसै बर्षभित्र नयाँ ऐन संसदबाट पारित गराउन सरकारको तर्फबाट प्रयास रहने कुरा व्यक्त गर्नु भयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्तले कार्यक्रममा उपस्थित अतिथिहरुलाई स्वागत गर्दै आयोगको कार्य सम्पादनका लागि आवश्यक स्रोतसाधान,जनशक्ति र ऐन कानुन व्यवस्था गरी सहजीकरण तथा हौसला प्रदान गरेकोमा नेपाल सरकारलाई हार्दिक आभार व्यक्त गर्नु भयो।

माननीय प्रमुख आयुक्तले मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्बाट नियुक्त हुने सार्वजनिक संस्थाका केही पदाधिकारी विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएका, अन्तिम अदालतबाट कसुरदार ठहरिई फरार सूचीमा रहेका, कानुन र मापदण्डबमोजिम तोकिएको योग्यता र अनुभव नभएका, किर्ते गरी अनुभवको प्रमाण पेश गरेका, सार्वजनिक छवि कमजोर भएका व्यक्तिलाई छनौट गरी नियुक्ति दिएको पाइएको साथै सार्वजनिक निकायमा निश्चित व्यक्तिलाई नियुक्ति दिनकै लागि व्यक्ति लक्षित गरी प्रतिस्पर्धा सीमित हुने गरी नियुक्ति सम्बन्धी मापदण्ड र कार्यविधि संशोधन गर्ने प्रवृत्ति पनि बढ्दो क्रममा देखिएकोले यस्तो प्रवृतिको अन्त्य गर्न सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो।

कार्यक्रममा माननीय प्रमुख आयुक्तले सार्वजनिक,गुठी र वन क्षेत्रको जग्गा कौडीको भाउमा लामो समयसम्म व्यापारिक प्रयोजनका लागि लिजमा दिने, हदबन्दी भन्दा बढी जग्गा जफत गर्नुपर्ने कानुनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआउने, सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा विभिन्न व्यक्ति र स्वार्थ समूहले अतिक्रमण गरी निजी प्रयोजनका लागि उपयोग गरेकोमा जिम्मेवार निकायबाट अतिक्रमण रोक्ने कार्यमा अति उदासीनता देखाइएकोबाट सार्वजनिक र सरकारी

सम्पत्ति संरक्षण हुन नसकेको बताउनु हुँदै सार्वजनिक जग्गा र सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व निर्वाह गर्ने कार्यमा सरकार थप जिम्मेवार बन्नुपर्ने बताउनु भयो।

उक्त अवसरमा माननीय प्रमुख आयुक्तले मुलुकको आर्थिक समृद्धि र स्थायित्वका लागि अझ बढी काम गर्नुपर्नेमा बिना आधार, कारण भन्सार र राजस्वमा छुट दिने, राजस्व चुहावट गर्ने, चोरी निकासी पैठारी गर्ने, न्यून विजकीकरण गरी राजस्व छली गर्ने जस्ता क्रियाकलापहरू नियन्त्रण गर्ने जिम्मेवारी लिएका निकाय र पदाधिकारीले आफ्नो कर्तव्य निर्वाह गर्न चुकेको अवस्था देखिएकोले कानुन विपरीतका यस्ता क्रियाकलापमा संलग्न अधिकारीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग थप सशक्त रूपमा अघि बढ्ने छ भन्नु भयो।

तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारी बिना ठेक्का लगाइएका कतिपय महत्वपूर्ण आयोजना तोकिएको समय र गुणस्तरमा सम्पन्न नहुने, आयोजना अलपत्र पर्ने, लागत र समय बढ्ने गरेको अवस्थामा समेत जिम्मेवार पदाधिकारी मुकदर्शक भएर बस्ने गरेको हुँदा समयमा नै किन काम पूरा भएन भन्नेसमेतका आधारमा त्यस्ता विषयमाथि अनुसन्धान अघि बढाइने कुरा माननीय प्रमुख आयुक्तले जानकारी गराउनु भयो।

माननीय प्रमुख आयुक्तले आफ्नो मन्तव्यमा आयोजनाको विस्तृत अध्ययन गरी/गराई आर्थिक तथा वित्तीय, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्टि गर्ने, आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट विनियोजन गर्ने, मध्यम कालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानुन, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुनुपर्ने कुरामा जोड दिनु भयो। ।

मन्तव्यको क्रममा माननीय प्रमुख आयुक्तले आवश्यकता पहिचान बिना, लाभ-लागत विश्लेषण नगरी, सञ्चालन योजना समेत नबनाई अनावश्यक रूपमा संरचना निर्माण गर्ने, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ, मालसामान, सवारीसाधन, यन्त्र उपकरणलगायत खरिद गर्ने, यस्ता वस्तुहरू प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिद तिर लाग्ने कार्य गर्दा यसबाट राज्य कोषमाथि अनावश्यक आर्थिक व्ययभार थपिने र स्रोतको दुरुपयोग समेत हुने हुँदा निर्माण र खरिद गर्नु पूर्व संरचना र उपकरणको सञ्चालन र उपयोगको सुनिश्चित हुने गरी सञ्चालन योजना तयार गरेर मात्र खरिद कार्य गर्न सम्बद्ध सरकारी निकायहरूले ध्यान दिन जरुरी भएको उल्लेख गर्नु भयो।

उहाँले तीनै तहका सरकारबाट कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालय र विभिन्न प्रशासनिक तहबाटै निर्णय हुनुपर्ने प्रशासनिक कार्यहरूलाई समेत नीतिगत विषय भनी मन्त्रिपरिषद्बाट निर्णय

गराउने विषयमा आयोगले धेरै पटक सम्बन्धित सरोकार निकायलाई सुझाव दिइसकेकाले कानुनले जुन निकाय वा पदाधिकारीबाट निर्णय हुनुपर्ने व्यवस्था गरेको छ, सोही निकाय वा पदाधिकारीबाट नै उक्त निर्णयहरू हुने व्यवस्था मिलाउने सन्दर्भमा तीनै तहका सरकारले सुझबुझका साथ उपयुक्त नीति, विधि र पद्दतिको अवलम्बन गर्नुपर्छ भन्ने कुरामा आयोग स्पष्ट रहेको बताउनु भयो।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को पक्ष राष्ट्र रहेको र यस सम्वन्धी पारस्परिक कानुनी सहायता ऐन र सपुर्दगी ऐन जस्ता कानुन कार्यान्वयन भएपनि सम्वन्धित देशहरूसँग द्वीपक्षीय संझौता हुन नसक्दा मुलुकबाहिर हुने भ्रष्टाचारजन्य लेनदेनका विषयमा पारस्परिक कानुनी सहायतामार्फत आवश्यक तथ्य र सूचना संकलन गर्न समस्या देखिएकोले यथाशीघ्र आवश्यक मुलुकहरूसँग द्वीपक्षीय संझौता गर्न जरुरी रहेको उल्लेख गर्दै माननीय प्रमुख आयुक्तले UNCAC का प्रावधान र सङ्घीयतासमेतको सन्दर्भ समेटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनको संशोधन विधेयक लामो समयदेखि संसदमा विचाराधीन रहेकोमा उक्त विधेयकहरू यथाशीघ्र पारित हुने आफू विश्वस्त रहेको बताउनु भयो। साथै, Financial Action Task Force (FATF) अन्तर्गत Asia-Pacific Group on Money Laundering (APG) को तेस्रो पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका नीतिगत, कानुनी र संस्थागत सुधारका विषयहरू सम्बोधन गर्न आवश्यक देखिएको औंल्याउँदै अनुचित कार्य, स्वार्थको द्वन्द्व, निजी र गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको अनुसन्धान गर्न कानुनी व्यवस्था गर्न समेत ढिलो भैसकेको बताउनु भयो।

मन्तव्यको क्रममा आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले भ्रष्टाचारविरुद्धको लडाईं आयोग एक्लैको मात्र नभई यो बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो रहेको औंल्याउँदै सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्नुपर्ने बताउनुभयो।

स्थापना दिवसको मूल समारोहको कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने पत्रकार र लेखकलाई पुरस्कृत गर्नुभयो। त्यसैगरी सम्माननीय राष्ट्रपतिबाट उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र उत्कृष्ट अख्तियार सेवा पुरस्कार पाउने आयोगका कर्मचारीहरुलाई पुरस्कृत गर्नुका साथै आयोगको स्मारिका-२०८० को लोकार्पण समेत सम्पन्न भयो।

कार्यक्रममा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपप्रधानमन्त्री लगायत अन्य विशिष्ट

व्यक्तिहरुको उपस्थिति रहेको थियो। कार्यक्रम नेपाल प्रहरीको सभा हल, नक्सालमा विहान ९ बजे देखि  १०:३० बजेसम्म भएको थियो।

प्रवक्ता
नरहरि घिमिरे